
GOVERNMENT OF WESTERN AUSTRALIA

Roll up for WA
COVID-19 Vaccination

# खोपहरूका बारेमा सत्य तथ्य प्राप्त गर्नुहोस्




नयाँ कुराहरूबारे प्रश्नहरू हुनु सामान्य कुरा हो। COVID-19 खोपहरूका बारेमा के कुरा सत्य हो र के हैन थाहा पाउनुहोस्। हामीले, एकजुट भएर, खोप प्रतिको विश्वास बढाउनुपर्छ किनभने खोप लगाउने प्रत्येक व्यक्तिले हामी सबैलाई यो विश्वव्यापी महामारीबाट बाहिर निस्कन मद्दत गर्दछन्।

## सत्य

**खोपहरू सुरक्षित छन्**

विश्वभरका धेरै व्यक्तिहरूले एकजुट भएर कुनै पनि प्रक्रिया नछुटाई केही महिनाभित्रै COVID-19 का खोपहरू बनाउन धन तथा वैज्ञानिकहरूको साझा उपयोग गरेर काम गरे। खोपहरूलाई परीक्षण गरिसकेपछि र यी सुरक्षित तथा प्रभावकारी भएको पत्ता लागेपछि मात्र अस्ट्रेलियामा प्रयोग गर्न दिइन्छ। सबै खोपहरूलाई निरन्तर गुणस्तरीय परीक्षण र सुरक्षाको लागि निगरानी गरिन्छ।

**COVID-19 का खोपहरूमा जिउँदो भाइरस हुँदैन र यसले गर्दा तपाईंलाई COVID-19 लाग्न सक्दैन**

यी खोपहरूले वास्तविक भाइरसको अनुकरण गर्छन् र तपाईंको शरीरलाई आफ्नो प्रतिरक्षा गर्न सिकाउँछन्। यसले तपाईंलाई धेरै बिरामी हुन, अस्पताल जान वा मर्नबाट समेत बचाउन मद्दत गर्नेछ।

**कुनै पनि माइक्रोचिप (microchip) खोपको लागि प्रयोग गरिने सुईमा अट्दैन**

यो भ्रम सामाजिक सञ्जालमा प्रसार भईरहेको नक्कली भिडियोमा आधारित छ।

## भ्रम

COVID-19 का खोपहरू एकदमै छिटो स्वीकृत गरिएका कारणले सुरक्षित छैनन्।

COVID-19 का खोपहरूले गर्दा तपाईंलाई COVID-19 लाग्न सक्छ।

COVID-19 का खोपहरूमा मलाई पछ्याउने माइक्रोचिप (microchip) हुन्छ।

# खोपहरूका बारेमा सत्य तथ्य प्राप्त गर्नुहोस्

## सत्य

**यी खोपहरू वेस्टर्न अष्ट्रेलिया (WA) मा सबै व्यक्तिका लागि नि:शुल्क छन्**

यसमा अस्थायी बासिन्दा, शरणार्थी, प्रवासी र वैध भिसा नभएका मानिसहरू समावेश छन्।

**हामीलाई यी खोपहरूमा हुने प्रत्येक सामग्रीहरूका बारेमा थाहा छ**

यी खोपहरूमा अधिकांश मात्रामा पानी हुन्छ, जसमा नुन, चिनी र चिल्लो पदार्थ हुन्छन्। यी खोपहरूमा ग्राफिन अक्साइड, ग्लुटेन, अण्डा, गहुँ, मौरीको विष, लेटेक्स वा पशुजन्य उत्पादन छैनन्। अस्ट्रेलियन फतवा काउन्सिल (Australian Fatwa Council) ले यस खोपलाई हलाल भनेर अनुमोदन गरेको छ।

**तपाईंसँग मेडिकेयर नभएपनि तपाईंले COVID-19 खोप लगाउन सक्नुहुन्छ**

तपाईंले अपोइन्टमेन्ट (appointment) मा आउँदा आफ्नो पहिचान प्रमाणित गर्नु पर्छ, त्यसैले कृपया तपाईंको नाम भएको दस्तावेज जस्तै चालक अनुमति पत्र, चिठ्ठी अथवा बिल आदि लिएर आउनुहोस्।

**कुनै COVID-19 खोप लगाएमा त्यसले तपाईंको शरीरको कुनै पनि भागलाई चुम्बकीय बनाउँदैन**

COVID-19 का खोपहरूमा यस्तो गर्न सक्ने कुनै चुम्बकीय तत्त्व हुँदैन। चुम्बकलाई आकर्षित गर्न तपाईंलाई धेरै परिमाणमा धातुको आवश्यकता पर्दछ। उदाहरणका लागि, मानिसहरूले मल्टि-भिटामिन (multi vitamins) हरू लिन्छन् जसमा प्रायः फलाम हुन्छ। तर यसले उनीहरूलाई चुम्बकीय बनाउँदैन किनभने त्यस्तो फलाम एकदमै नगण्य मात्रामा हुन्छ र तपाईंको शरीरभरि फैलिएको हुन्छ।

**COVID-19 खोपले प्रजनन क्षमतामा असर गर्दैन**

यी खोपहरूले तपाईंको अहिले वा भविष्यमा बच्चा जन्माउन सक्ने क्षमतालाई असर गर्दैन। गर्भवती महिलाहरूलाई आफू र आफ्नो बच्चालाई सुरक्षित राख्नको लागि COVID-19 खोप लगाउन दृढतापूर्वक सल्लाह पनि दिइन्छ।

## भ्रम

- ✕ COVID-19 खोप लगाउन पैसा खर्च हुन्छ।
- ✕ यी खोपहरुमा के छ भन्ने हामीलाई थाहा छैन।
- ✕ COVID-19 खोप लगाउनको लागि तपाईंसँग सक्रिय मेडिकेयर कार्ड हुनु आवश्यक छ।
- ✕ COVID-19 खोपले तपाईंको पाखुरामा चुम्बक टाँसिने बनाउन सक्छ।
- ✕ COVID-19 खोपले प्रजनन क्षमतामा असर गर्छ।

दर्ता गर्नुहोस् र आफ्नो COVID-19 खोपको लागि आफ्नो स्थान सुरक्षित गर्नुहोस्

**rollupforwa.com.au**

13COVID (13 26843)

दोभाषेको लागि * थिच्नुहोस्